सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक १०३ ♦ २०८१ साल मंसीर ७ गते शुक्रवार ♦ 22 Nov 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## स्कूल बसको ठक्करले एक बालिकाको मृत्यु



**खबर दर्पण समाचारदाता**

**मंसीर ६ गते, जनकपुरधाम**

स्कूल बसले ठक्करले धनुषामा एक बालिकाको घटनास्थल मै मृत्यु भएको छ।

धनुषाधाम नगरपालिका वडा नम्बर ३ मा विहिबार विहान बाल आवासीय ईंगलिस बोर्डिंग स्कूलको ना १ क ९६९६ नम्बर को बसले ठक्कर दिंदा स्थानीय व्यवसायी किशोरी ठाकुरको अढाई बर्षिय छोरी मनिता ठाकुरको मृत्यु भएको प्रहरीले जनाएको छ।

बाटो क्रस गर्ने क्रममा बालिकालाई स्कूल बसले किचेको प्रत्यक्षदर्शीहरुले जनाएको छ ।

बस चालकलाई तत्काले पक्राउ गरी स्थानीयले प्रहरीको जिम्मा लगाएको छ ।

धनुषामा सँचालनमा रहेको दर्जनौ नीजि विद्यालयको बस चालकसँग सवारी चालक अनुमति पत्र (लाईसेन्स) छैनन् ।

## किन प्रयोगमा ल्याइएन १६ करोड रुपैया खर्चेर निर्माण गरिएको बर्थिङ्ग सेन्टर ?

**पुरन गुप्ता**

**मंसीर ६ गते, जनकपुरधाम**

एक त मधेशको सरकारी स्वास्थ्य संस्थाहरुमा विभिन्न उदासिनताका कारण राम्रो भौतीक संरचना हुदैन, जस्ले सेवाग्राहीलाई सास्ती खेप्नु पर्दछ, यहाँ सम्मकी डिसचार्ज भएर अन्यत्र जानु पर्दछ। तर जहाँ जे छ त्याँ पनि अनेकन समस्याको नाउँमा ठुलठुला भवन र संरचनाहरु प्रयोग विहिन भएर मधेशको एक मैथिली उखान 'जाइतो गमेलौं आ स्वादो नहि पैलौं' जस्तो अवस्था देखिन्छ । एक त दातृ निकायलाई हार गुहार गरेर हातमुख जोडी भवन बनाउने, सरसमान र उपकरण किन्ने, बन्दा प्रयोग विहिन हुने, यो अहिले मधेशको आधुनिक समस्या बनेको छ ।



यो चिटिक्क परेको भवन मधेशको जनतालाई सहज र गुणस्तरीय प्रसुती सेवाका लागि अमेरिकी सरकारले जनकपुरधाम स्थित प्रादेशिक अस्पताल छेउमा बनाइदिएको भवन हो । करिव १६ करोड रुपैया खर्चेर अमेरिकी इण्डो प्यासिफिक कमाण्ड र अमेरिकी राजदूतावासको सहयोगमा निर्मित ७० बेड क्षमताको धनुषा बर्थिङ सेन्टर १६ चैत २०८० मा उदघाटन गरिएको भएपनि अहिले उद्देश्य अनुसार प्रयोगमा त आएन आएन बरु यसलाई अहिले शैक्षिक संस्थाको रुपमा परिणत गरिएको छ ।

यहाँ अहिले अस्पतालको प्रशासनको जिम्मा समेत पाएको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले नयाँ स्वीकृती पाएको कोर्ष एमबिबिएसको भर्ना र नर्सिङ्गहरुको पढाई भइरहेको छ । तत्कालिन उपप्रधान तथा स्वास्थ्य मन्त्री तथा मधेशका अगुवा नेता उपेन्द्र यादव, अमेरिकी राजदुत सहितकाले आफनै हातले समुदघाटन गरेको यो भवन करिव ८ महिना पुग्न लाग्दा पनि बर्थिङ्ग सेन्टर बन्न सकेको छैन । बरु अहिले बर्थिङ्ग सेन्टरको नाम मेटेर एकेडेमिक भवन ब्लक बी उल्लेख गरिदिएको छ ।

अस्पताल प्रशासन मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको भने आफनै दावी छ । आफुहरुको

*बाँकी पृष्ठ ३ मा*

## पिपरामा शिवलिंग तोडफोड भएको विरोधमा स्थानीय द्वारा प्रदर्शन

**धर्वेन्द्र कुमार यादव यदुव्रशी**

**मंसीर ६ गते, बर्दिवास**

पिपरा गाउँपालिकास्थित शिव मन्दिरभित्र रहेको शिवलिङ अज्ञात व्यक्तिले तोडफोड गरेको विरोधमा स्थानीय आन्दोलित भएका छन् ।

शिवलिङ तोडफोड गरेको विरोधमा स्थानीय युवा सडकमा टायर बालेर प्रदर्शन गरिरहेका छन् । उनीहरूको आन्दोलनको कारण बिहान करिब १० बजेदेखि नै जनकपुर-जलेश्वर सडक अवरुद्ध भएको छ । केहि सवारी साधनमा तोडफोडको प्रयास समेत भएको छ ।

आन्दोलन स्थलमा अहिले प्रहरी निरीक्षक विशाल सिंहको नेतृत्वमा ठूलो संख्यामा प्रहरी परिचालन भएका छन् । यद्यपी सडक खुलाउने उनको प्रयास असफल भएको छ । स्थानीय युवाहरू आक्रोशित बनेकाले अवस्था तनावग्रस्त देखिन्छ । पिपरामा रहेको शिव मन्दिरमा गएराति शिवलिङ्ग तोडफोड भएको स्थानीयको भनाई छ । तोडफोड गर्नेको पहिचान खुल्न सकेको छैन ।


घटनाको छानबिन गरी दोषीमाथि कारबाही गर्नुपर्ने स्थानीको माग छ । महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी सन्तु जयसवालले मन्दिरभित्र तोडफोड गरेको विरोधमा स्थानीयले सडक अवरुद्ध पारेको र सहमतिको प्रयासमा आफूहरू लागेको जानकारी दिए ।



**शिरीष अफसेट प्रेस**

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
✓ फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# चेतनाको अभावमा बाल बिवाह र छोरि शिक्षामा ड्रप आउट

**खबर दर्पण समाचारदाता**

**मंसीर ६ गते, बर्दिवास**

धनुषा समुदायमा चेतनाको अभावको कारण बाल बिवाह र छोरी शिक्षामा ड्रप आउट हुने गरेको नगराईन नगर पालिकाको मेयर बिनय कुमार यादवले बताउनु भएको छ । नगराईन नगरपालिका वडा न. ४ फुलगामा बजारमा खुल्ला रुपमा आयोजित एक कार्यक्रममा बक्ताहरुले समाजलाई दोष लगाएका छन् । सेफ नेपालको आयोजना र नगराईन युवा संजालको सहकार्यमा युथ डिस्कोर्स सेरिज अन्तर्गत बाल बिवाह र छोरी शिक्षामा ड्रप आउट बिषयमा पाइनल डिस्कसन गरिएको छ। उक्त कार्यक्रमको अध्यक्षता नगराईन युवा संजालको अध्यक्ष अमृत राउतले गरेको थियो । मेयर यादवले भन्नु भन्नु भयो - समाजमा कसै को कुरा कसैले सुन्दैन, छोरा छोरी हरुले गल्ति गरेको बिषयमा आमा बुवालाई भने पछी बिश्वास नगर्ने, समस्या परेपछी गुहार गर्ने प्रवृति समाजमा हाबी छ। बाल बिवाह खास गरि दलित समुदायमा बढी हुने गरेको बताए । पालिकामा अल्पमत रहेकोले समाजलाई सुधार गर्ने नीति तथा कानुन हरु बनाउन नसकेको मेयर यादवले स्वीकार गर्नु भयो । अल्पमतमा परेको कारण नगर सभा पनि हुन् नसकेकोले पालिका को सबै कामकाज ठप्प रहेको बताउनु भएको छ ।


पालिकामा नीति छैन र केन्द्र सरकार को नीति लाई कार्यान्बयग गर्न खोजे पनि बिपक्षी पार्टीहरुले काम गर्न नदिएको वडा अधयक्ष र ाजकुमार ठाकुरले बताए। बाल बिवाह को कारण छोरीहरु बीच मै पढाई छोड्न बाध्य छन् । सामाजिक कुरीति को कारण र छोरी हरु घरबाट भाग्ने गरेकोले पनि अभिभाबकहरुले बाल बिवाह गरि दिने गरेको दलित महिला वडा सदस्य तेतरी देवी महराले बताइन । भर्खरै शिक्षक पेशा बाट सेवाअवकाश पाएको छु । मेरो जिबन कालमा धेरै महिला हरुलाई पढ्नु पर्छ भनेको हो तर उहा हरु भन्नु हुन्थ्यो पढेर के गर्ने बल्कि गाइ वस्तु बाख्राले जीवन चलाउन सकिनछ। खास गरि डोम मुसहर समुदायमा छोरीलाई एक दमै कम पढाउने गरेको छ ।

सरकारको नीति छ तर ब्यबहार मा छैन के गर्ने। पछ्राडी परेको समुदायलाई बाध्यकारी ब्यबस्था लागु गराउनु पर्ने पुर्ब शिक्षिका उर्मिला बर्माले बताइन । समाजको धेरै मानिसहरुलाई भने - छोरीलाई पढाउनु पर्छ भनेको हो तर तत्कालको फाईदाको कारण छोरी हरुलाई नपढाउने र बाल बिवाह गरि पठाउने गरेको छ सामाजिक अगुवा राम जीवन साहले बताए । प्रहरिले नीति तथा कानुन पालन गर्ने हो तर सघ संस्थाहरुले पनि जनचेतना फैलाउने काम गर्नु पर्छ । बाल बिवाह भएको कुरामा प्रहरीले रोक्ने हो तर समाजले २० बर्ष भन्दा पहिले बिवाह गर्नु हुदैन प्रहरी सहायक निरीक्षक श्यामबाबु यादवले बताउनु भयो। समाजमा शिक्षा र सचेत नागरिकहरुको अभावको कारणले छोरीहरुले पढाई कै बिचमा शिक्षामा ड्रप आउट गरि घरको कामकाज मा लाग्ने र विवाहवारी गरि घर परिवार बसाउने गरेको छ ।

समाजको बिभिन्न सामाजिक मुल्य मान्यताको कारण पढाउनु भन्दा बिवाह गरि अभिभाबकहरु ले जिम्मेबारी पुरा गर्ने गरेकोले छोरीहरु शिक्षाबाट ड्रप आउट हुने गरेको छ । द एसिया फाउनडेशनको मुख्य कार्यान्बयन संस्था रहेकोमा युएस आइडी नागरिक समाज मिडिया कार्यक्रम अन्तर्गत सामाजिक परिबर्तनको लागि युवा परि योजनाले धनुषा को चार पालिका मा युवा संजाल गठन गरि युवा, महिला र सिमान्तकृत समुदायको लागि कार्य गरि रहेको छ ।



पाइनल डिस्कसनमा कार्यक्रम माथि प्रकाश तथा संस्था तथा परियोजना र अचारसंहिता को बारेमा सेफ नेपालको संयोजक तथा मानव अधिकारकर्मी बिनोद महराले गर्नु थियो भने कार्यक्रममा युवा संजाल तर्फ बाट श्याम नन्दन ठाकुरले संचालन प्रश्न गर्दै बक्ताहरु लाई सवाल जवाफ गरेका थिए भने सहभागीहरु मध्ये ५ जना ले बक्ताहरु लाई प्रश्न गरेका थिए र बक्ताहरुले सहभागीहरुको प्रश्नको जवाफ दिएका थिए । कार्यक्रमको शुरुवात सेफ नेपालको कार्यक्रम अधिकृत प्रतिभा झाले गरेका थिइन् ।



## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन-**आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**कुम्भ-** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# नेपाल माछामा आत्मनिर्भर उन्मुख,१८ हजार मेट्रिक टन अझै अपुग

**खबर दर्पण समाचारदाता**
**मंसीर ६ गते, जनकपुरधाम**

मानव स्वास्थ्यका लागि सर्वोत्तम खाद्य पदार्थको रुपमा रहेको माछाको उत्पादनमा अझै जोड दिनु पर्ने आवश्यकतामा जोड दिइएको छ ।

विश्व मत्स्य दिवसको अवसर मा आज जनकपुरधाममा आयोजना गरिएको विविध कार्यक्रममा सहभागी भएका विज्ञहरुले माछाको माग अनुसार करिब करिब उत्पादन भएपनि अझै १८ हजार मेट्रिक टनले अपुग रहेको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना क्लष्टर इकाई धनुषाका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत युगल किशोर तिवारीले जानकारी दिनु भएको छ ।

नेपालमा अहिले वार्षिक रुपमा १ लाख १३ हजार मेट्रिक टन माछाको उत्पादन हुने गरेकोमा त्यस मध्ये ६० प्रतिशत उत्पादन मधेश प्रदेशका जिल्लाहरूमा भइरहेको छ । नेपालमा १६ हजार हेक्टर क्षेत्रफलमा माछाको उत्पादन हुने गरेको छ भने त्यस मध्ये ८.५ हेक्टर मा मधेश प्रदेशमा माछाको उत्पादन हुने गरेको छ ।

नेपालको जिडिपीमा माछाको उत्पादनको योगदान १ प्रतिशत जति रहेको छ । मत्स्य व्यवसायमा प्रत्यक्ष रुपमा ६२ हजार ४ सय लागेका छन् भने प्राकृतिक जलासयमा माछा मारेर ३ लाख ६० हजारको जीविकोपार्जन गर्ने काम भइ रहेको मत्स्य मानव विकास तथा प्रविधि परीक्षण केन्द्र जनकपुर धामका कार्यालय प्रमुख वरिष्ठ मत्स्य विकास अधिकृत रविलाल शर्माले जानकारी दिनु भएको हो ।

पछिल्लो समयमा विभिन्न जिल्लाहरूमा माछाको उत्पादनका लागि पोखरीको निर्माण गर्ने क्रम पनि बढेको छ । मत्स्य मानव विकास तथा प्रविधि परीक्षण केन्द्र तथा खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना आयोजना क्लष्टर इकाई धनुषा संयुक्त आयोजनामा आज भएको विश्व मत्स्य दिवस कार्यक्रम अन्तर्गत बिहान प्रभात फेरि कार्यक्रम सम्पन्न हुनुका साथै मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा रहेको पोखरीमा माछाको भुर्रा छाड्ने काम सम्पन्न भएको छ ।




यसै गरि माछाको उत्पादनका लागि संरचनाको निर्माण गर्ने, बजारी करण गर्ने तथा माछा उत्पादनमा नीजि क्षेत्रलाई प्रोत्साहित गर्ने कार्यमा संलग्न रहेका जनकपुरधाम उपमहानगर पालिका वडा नं ४ का पूर्व कर्मचारी सुरेन्द्र कुमार झा, वडा नं १२ का प्राविधिक सहायक जागेश्वर यादव र क्षिरेश्वर नगर पालिकाका मत्स्य व्यवसायी रामशोभित मुखियालाई सम्मानित गरिएको थियो ।

यसै अवसरमा माछाको महत्वका विषयमा विद्यालयहरूमा पनि विद्यालय शिक्षा कार्यक्रम चलिरहेको छ । माछाको सेवन गर्नाले मानवको शरीरलाई आवश्यक पर्ने विभिन्न भिटामिन, मिनरल, प्रोटिन सहितका तत्त्वहरू मिल्ने यसले मानसिक तथा शारीरिक विकासमा ठूलो योगदान दिने गरेको मत्स्य विज्ञ शर्माले जानकारी दिनु भयो ।

विकसित देशमा प्रति व्यक्ति १४ किलो वार्षिक रुपमा माछा खाने गरेको छ भने नेपालमा अहिले ३.८ किलो प्रति व्यक्ति माछा खाने गरेको छ तर मधेशमा प्रति व्यक्ति ६ किलो वार्षिक रुपमा माछा खाने गरेको पाइएको सो कार्यक्रममा विज्ञहरुले जानकारी दिनु भएको छ ।

## किन प्रयोगमा ल्याइएन ......

योजना अनुसार भवन बन्न नसकेको, चिकित्सक, नर्श सहितका म्यानपावर कमि रहेको, अस्पतालको मुख्य भवन देखि टाढा र बिचमा सर्वसाधारण प्रयोग गर्ने बाटो भएको र ल्याव, आईसियु सहितको सम्पुर्ण सुविधान भवनमै नहुन्जेल सम्म सेवा स्थान्तरण सम्भव र भरपर्दो नरहेको जिकिर प्रष्ठिानका प्रवक्ता डा. रामज्ञान यादवको छ ।

काठमाण्डौंको थापाथली स्थित प्रसुतीगृह पछि देशकै सबै भन्दा बढि बच्चा जन्मिने जनकपुर प्रादेशिक अस्पतालको प्रसुती गृहमा कामगर्ने प्राविधिकहरुको अनुसार पनि बिना अन्य पुर्वाधार र सुविधा नयाँ भवनमा सेवा सहज देखिदैन । प्रसुती सेवामा काम गर्ने अस्पतालकी नर्सिङ्ग प्रमुख रञ्जु यादव तथा शल्यक्रिया कक्षमा कामगर्ने रिना यादवले भवन भएर मात्र नहुने बताउदै प्रसुतीसेवाका लागि शल्यक्रिया, आकस्मिक सहितका सबै पुर्वाधार र जाँच सुविधा भए मात्र नयाँ भवनमा सेवा सफल हुने बताउछिन् ।

उनीहरुका अनुसार यहाँको प्रसुती गृहमा दैनिक ३० देखि ४० समान्य र १० देखि १५ शल्यक्रियाबाट बच्चाको जन्म हुन्छ । वार्षिक दश हजार भन्दा बढि बच्चा जन्मिने व्यापक विरामीको भिडभाड हुने यस अस्पतालको कुल २ सय बेड क्षमता मध्ये आफै भवनमा हाल ७६ बेडको प्रसुती सेवा सञ्चालनमा छ । अव्यवस्था र जनशक्तिको अभावमा यहाँ सुमधुर सेवा, फोहर र भरोसाको अभाव भई अधिकांश विरामी निजी अस्पतालमा जान बाध्य हुने गरेका छन् ।

प्रसुती गृहमा विरामी कुरुवाका रुपमा भेटेका महोतरीका राजनितिज्ञ राजेश यादव तथा धनुषा बफैका पत्रकार समेत रहेका चन्द्रदेव साहले प्रसुती सेवा राम्रो भएपनि अस्पतालको व्यवस्थापन, फोहर दुर्गन्ध, अस्पताल २०० बेड क्षमताको भएपनि करिव चार सय बेडको हाराहारीमा सेवा प्रदान भईरहेको र जनशक्ति अभावमा विभिन्न समस्या हुने गरेको अस्पताल प्रशासनको दावी छ । कारण जे सुकै होस यस्ता भौतीक संरचनाको व्यवस्थापन र सदुपयोगको दायित्व राज्यले लिनुपर्छ ।

दातृ निकायले जुन उद्देश्यले भौतीक पुर्वाधार निर्माण गरि दिएको छ सोहि उद्देश्य प्राप्तीका लागि सदुपयोग हुन आवश्यक पनि छ । नभए विकासोन्मुख, दातृ निकायको भरपर्ने हाम्रो जस्तो देशमा अगामि दिनमा त्यस्ता निकायहरु पनि लगानी गर्न हिचकिचाउने जोखिम हुन सक्छ ।

## विवाहपञ्चमी महोत्सवलाई भव्य....

महोत्सवका दृश्य विनिमय तथा अवलोकन गराउने, ठाउँठकाउँमा प्राथमिक उपचार सहितको स्वास्थ्य शिविर राख्ने, बिरामी तथा चोटपटकका शिकार हुनेको उद्धार तथा उपचारका लागि एम्बुलेन्स तथा निजी तथा सरकारी अस्पतालमा निःशुल्क उपचारका लागि बेड व्यवस्था तथा ट्रमा सेन्टर सञ्चालन गर्ने, औषधिमूलोसहित रेपिड र ेस्पोन्स टिम परिचालन गर्ने, विभिन्न स्थानमा खाने तथा अन्य प्रयोजनका लागि पानीको आपूर्ति मिलाउने, अघिल्ला वर्षहरूभन्दा बढी सँख्यामा सफाइकर्मीसहित शौचालय व्यवस्थापन गर्ने, सडकबत्तीको व्यवस्थापन गर्ने र सिसिटिभी तथा ड्रोनबाट संवेदनशील ठाउँका गतिविधि निगरानी गर्ने आदि निर्णय भएका छन् ।

बैठकमा सहभागी एक अधिकारीका अनुसार वैवाहिक कार्यक्रमका लागि उपयोग हुने जानकी मन्दिर परिसर, बाह्रबिघा र मणिमण्डप क्षेत्र तथा त्यहाँसम्मका बाटामा भिड व्यवस्थापन, पसल सञ्चालन र सरसफाइ लगायत कार्यमा बढी जोड दिइनेछ ।

महोत्सवका लागि सुरक्षा निकायले संयुक्त कार्ययोजनाका आधारमा सयौँको सँख्यामा सादा पोसाकसहितका सुरक्षाकर्मी परिचालन गर्नेछन् । वैवाहिक कार्यक्रममा अयोध्याबाट आउने पाँच सयभन्दा बढी जन्तीको आवास तथा भोजनका लागि विशेष व्यवस्था गरिनेछ ।

त्रेतायुगमा भएको रामजानकी विवाहलाई जीवन्त राख्न जनकपुरधाममा प्रत्येक वर्ष विवाहपञ्चमी पर्व मनाउने गरिन्छ ।


## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## खानाको स्वच्छताको लागि ध्यान दिनुपर्ने कुराहरु




**औरही नगरपालिका, महोत्तरी**

# विवाहपञ्चमी महोत्सवलाई भव्य र व्यवस्थित प्रदेश सरकारको अग्रसरता



**खबर दर्पण समाचारदाता**
**मंसीर ६ गते, जनकपुरधाम**

जनकपुरधाममा आयोजना हुने रामजानकी विवाह महोत्सवलाई थप व्यवस्थित, प्रभावकारी र आकर्षक तथा मेला भर्न आउनेहरूका लागि सुविधाजनक बनाउन मधेश प्रदेश सरकारले सरोकार वालाहरूसँग छलफल गरेको छ ।

मङ्सिर २१ गते मार्ग शुक्ल पञ्चमी तिथिमा हुने स्वयंवर र वैवाहिक कार्यक्रम एवम् त्यसअघिका विवाहपूर्वका विधिविद्यानमा सहभागी हुन लाखौंको सँख्यामा जनकपुर धाममा आउने श्रद्धालुभक्तजन र साधुसन्तका लागि बास, शौचालय, खानेपानी, सुरक्षा तथा अन्य सेवा व्यवस्थापनका विषयमा सरोकारवालासँग छलफल गरिएको मुख्यमन्त्री सतिशकुमार सिंहले बताए ।

जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मुख्यमन्त्री सिँहको अध्यक्षतामा बिहीबार बसेको बैठकमा विवाहपञ्चमी महोत्सवलाई भव्य एवम् व्यवस्थित बनाउन तीनै तहको सरकारले गर्नुपर्ने कार्यका बारेमा निर्णायक छलफल भएको हो । बिहीबार को बैठकमा तीनै तहका सर कारले दोहोरो नहुने गरी मितव्ययी ढङ्गले महोत्सवका व्यवस्थापकीय सहकार्य गर्ने विषयमा छलफल भएको प्रदेश सरकारका प्रमुख सचिव लोकनाथ पौड्यालले जानकारी दिए ।

बैठकमा विभिन्न पाँच ठाउँबाट डिस्पलेका माध्यमबाट महोत्सवबारे जानकारी,

*बाँकी पृष्ठ ३ मा*

# क्रिकेटर पुजा महतोलाई पुरस्कार तथा परिवारलाई निशुल्क उपचारको घोषणा

**खबर दर्पण समाचारदाता**
**मंसीर ६ गते, जनकपुरधाम**





आफनो अलराउण्डर प्रस्तुतीले नेपाललाई विश्वकपमा पुऱ्याउन सफल भएकी यु-१९ महिला क्रिकेट टिमकी कप्तान पुजा महतोलाई महोतरी स्थित जानकी एकेडेमिक हस्पिटल प्रा.ली.ले पुरस्कृत गरेको छ ।

आफनो नेतृत्वका साथै कुशल खेलले नेपाली टिमलाई बिश्वकपमा पुरयाएर मधेश र महोतरी जिल्लाको पनि शान बढाएको भन्दै हस्पिटलले ११ हजार नगद सहित सम्मान गरेको प्रशासन प्रमुख संजय यादवले बताए । यादवले भने, 'हामी समान्य राशी सहित सम्मान गरेका छौं र उनको परिवारका सदस्यहरुलाई अस्पतालमा निशुल्क उपचारको पनि घोषणा गरेका छौं ।'

पुजाले देशको मात्र नभई मधेश र महोतरी जिल्लाको पनि मान बढाएको अस्पताल परिवारको ठहर छ ।





खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को

## अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :**

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौ।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :**

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने वस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाइं, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"*

उपभोक्ता जनहितका लागि जारी

**नेपाल आयल निगम लि.**
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौं ।

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दुर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा उद्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,